# टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७७
## प्रथम संसोधन

**प्रस्तावना** : सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीयस्तरमा सुशासन प्रवर्द्धन गर्न नगरपालिकाको सहरी बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय श्रोत, साधन र जनशक्तिको उपयोग गरी जीवनस्तर उकास्ने साथै आफ्नो ठाउँको समस्याहरुको समाधान आफूबाटै समाधान गर्ने र आफूबाट समाधान गर्न नसकेमा सम्बन्धित निकायसम्म आफ्ना समस्या पुर्‍याई समाधान गर्न सक्ने सक्षम नागरिक बनाउने अभिप्रायले टोल विकास संस्था गठन गर्न आवश्यक देखिएकोले स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिएका टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न साथै उर्लाबारी नगरपालिकावाट सञ्चालन गरेका विकास निमाणका काम तथा सेवा प्रवाहमा थप सहयोग पुगोस् र सेवाग्राहीले सहज सेवा प्राप्त गरी सुशासनको अनुभूति गरुन् भन्ने उद्देश्यले बेलका नगर कार्यपालिकाले यो कार्यविधि बनाई स्वीकृत गरी लागु गरेको छ

### परिच्छेद १
### संक्षिप्त नाम , प्रारम्भ र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम वेलका नगरपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

(क) **“टोल विकास संस्था”** भन्नाले कुनै निश्चित टोल सम’दायको सबै घरधुरीहरुलाई समेटेर गठन गरिएको संस्थालाई सम्झन’पर्छ .

(ख) **“नगरपालिका”** भन्नाले वेलका नगरपालिकालाई सम्झनुपर्छ ।

(ग) **“वडा कार्यालय”** भन्नाले वेलका नगरपालिकाको वडा कार्यालयलाई सम्झनुपर्छ ।

(घ) **“कार्यविधि”** भन्नाले टोल विकास संस्था सञ्चालन कार्यविधिलाई सम्झनुपर्छ ।

(ङ) **“कार्य समिति”** भन्नाले यस संस्थाको कार्य समितिलाई सम्झनु पर्छ ।

(च) **“अध्यक्ष”**भन्नाले संस्थाको अध्यक्षलाई सम्झनू पर्दछ । ।

(५) **“उपाध्यक्ष”** भन्नाले संस्थाको उपाध्यक्षलाई सम्झनू पर्दछ ।

(ज) **“सचिव”** भन्नाले संस्थाको सचिवलाई सम्झन’ पर्दछ ।

(झ) **“कोषाध्यक्ष”**भन्नाले संस्थाको कोषाध्यक्षलाई सम्झनू पर्दछ ।

(ञ) **“सदस्य”** भन्नाले टोल संस्थाको सदस्यलाई सम्झुपर्छ र सो शब्दले टोल क्षेत्रभित्र वसोवास गर्ने घरमुली वा घरको प्रतिनिधित्व गरी टोलविकास संस्थामा आवद्ध हुने सम्पूर्ण घरधुरीलाई समेत सम्झनु पर्दछ ।

(ट) **“पदाधिकारी”** भन्नाले संस्थाको कार्यसमितिका सबै सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ठ) **“सभा”** भन्नाले प्रत्येक वर्षमा हुने साधारण सभालाई सम्झनुर्छ र यसले समय समयमा हुने विशेष साधारण सभालाई समेत सम्झनु पर्दछ ।

(ड) **“उप समिति”** भन्नाले कार्यविधि बमोजिम गठन भएका विभिन्न उपसमितिहरुलाई सम्झनुपर्छ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

## परिच्छेद २
## टोल विकास संस्थाको कार्य र गठन विधि

**३. टोल विकास संस्था गठन गरिने स्थान** : (क) नगरपालिका क्षेत्रभित्रको विभिन्न टोलहरुमा सबै घरपरिवार समेटिने गरी टोल विकास संस्था गठन गरिनेछ।

(ख) नगरपालिकाले आवश्यक ठानेमा कुनै पनि वडाको कुनै पनि क्षेत्रमा विशेष **अनुसूची १** वमोजिम टोल विकास संस्था गठन गर्न सक्नेछ।

४.**टोल विकास संस्थाको कार्यक्षेत्र र सिमाना** : क) कूनै पनि टोल विकास संस्थाको कार्य क्षेत्र र सिमाना नगरपालिकाले तोकेको सिमाना अनूसार हूनेछ ।

ख) टोल विकास संस्थाको क्षेत्रफल ठूलो वा धेरै घर संख्या भएमा भौगोलिक, धार्मिक, सास्कृतिक आदिलाई आधार मानी एउटा वा एकभन्दा बढी टोल विकास संस्था गठन गर्न सकिने छ।

**५. टोल विकास संस्थाको कार्य** :टोल विकास संस्थाको कार्यक्षेत्र निम्न अनूसार रहनेछ ।

**क) भौतिक पुर्वाधार विकास कार्य**

ज्ञ सडक तथा ढल पणालीलाई व्यवस्थित गर्ने ।

इ. सडक तथा गल्ली बाटोहरुको सूधार कार्यहरु गर्ने ।

घ. चर्पी, फोहोरमैला व्यवस्थापन पणाली सूधार कार्य गर्ने ।

द्ध. खानेपानी तथा सरसफाई प्रणालीको विस्तार र स्तर उन्नतिको कार्य गर्ने।

५. सामुदायिक भवन लगायतका आधारभूत भैतिक पूर्वाधार विकास कार्य गर्ने।

६. टोलको भौतिक पूर्वाधारका विकास निर्माण कार्यमा सकृयताका साथ एक जुट हुने।

७. नगरपालिकाको भौतिक पूर्वाधार सम्बन्धी नीति, कार्यक्रम र योजनाहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने।

**ख) सामाजिक कार्य**

१ स्वास्थ्य तथा वातावरणीय सरसफाई आदि सम्बन्धित विषयमा जनचेतना अभिवृद्धि गर्ने।

२. टोलमा रहेको विपन्नहरुको पहिचान गरी उनीहरुलाई स्वरोजगार र आयमूलक तालिम प्रदान गर्ने।

३. टोलको विपन्न तथा वञ्चितीमा परेका टोलबासीहरुको क्षमता अभिवृद्धि गर्ने।

४. लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा जोड दिने।

५. टोलमा रहेका विकृतिहरुको पहिचान गर्ने र सोको उन्मूलनका कार्यक्रमहरु सञ्चालन गर्ने।

६. टोल स्तरमा शिक्षा, स्वास्थ्य र पर्यटनका कार्यक्रमहरु सञ्चालन गर्ने।

७. नगरपालिकाको सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने।

**ग) अन्य विविध कार्य**

१. टोल तथा वस्तीस्तरमा बिभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धि गर्ने।

२. टोलबासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, विकास र प्रवर्द्धन गर्ने।

३. टोलमा समानता, समता, सद्भाव, समभ्रूदारी, समन्वय र मेलमिलापको माध्यमबाट शान्ति कायम गराउने।

४. आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर, अधिकार प्रदान गर्ने।

५. टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने।

६. टोलमा विभिन्न निकायह?बाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने।

७. टोलको लागि नगरस्तरीय तथा वडास्तरीय योजना छनौट प्रकृयामा टोलबासीहरुलाई सहभागी गराउने।

८. टोलका सदस्यह?मा गरिवीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीह?को अभिलेख तयार गर्ने।

**६. गठन विधिः** वडाको रोहबरमा टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछ :

१ नगरपालिका क्षेत्र भित्रका वस्तीहरुको निश्चत भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घर परिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

२. पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनूसारका सदस्याहरु रहेको एक टोल विकास कार्य समिति गठन हूनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहूमतबाट पूनर्गठन हूनेछ ।

३. अवधि : टोल विकास कार्य समितिको अवधि २ वर्षको हूनेछ । एक पटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पून: सोही पदमा लगतै दूई वर्षको अवधि पुरा नभई नियूक्त हूने छैन ।

४. टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पुर्ण घरधूरीलाई एक सदस्यको रुपमा समेटनू पर्दछ । सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधूरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ ।

५. महिला, दलित, अपाङ्ग, अल्पसंख्यक, विपन्न, एकल महिला आदिको सहभागिता हूनेगरी लैंगिक समानता र सामाजिक समावेशीकरणमा जोड दिईने हरेक क्षेत्रबाट प्रतिनिधित्व हूने गरी कार्यसमिति गठन गर्नूपर्नेछ ।

६. कार्यसमितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एक जना अनिवार्य महिला हूनू पर्नेछ साथै कार्यसमितिमा कम्तीमा ३३ प्रतिशत महिला अनिवार्य समावेश भएको हूनूपर्ने५ ।

**ठ. टोल विकास संस्थाको गठन**

(!ज्ञ अध्यक्ष १

(द्द) उपाध्यक्ष १

(घ) कोषाध्यक्ष १

(द्ध) सचिव १

(५) सदस्य आवश्यकता अनुसार ७ देखि बढीमा ११ जना सम्म

**८. दर्ता/सूचिकृत**: टोल विकास संस्थाको दर्ता /सूचिकृत देहाय बमोजिम हुनेछ ।.

!१ टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई उर्लाबारी नगरपालिकामा दर्ता वा सूचिकृतका लागि निवेदन पेश गर्नु पर्नेछ । निवेदन साथ उक्त टोल विकास संस्थामा आबद्ध सदस्य हरुको नामावली समेत पेश गर्नुपर्ने छ । नगरपालिकामा पेश गर्ने निवेदनको ढाँचा **अनुसूची २** मा उल्लेख भए बमोजिम हुनेछ .

२. उपदफा (१) अनुसार निवेदन प्राप्त भएपछि नगरपालिकाले टोल विकास संस्था दर्ता गरी प्रमाण पत्र प्रदान गर्नु पर्ने छ । त्यसरी प्रदान गरिने प्रमाण पत्रको नमुना **अनुसूची ३** मा उल्लेख भए बमोजिम हुनेछ ।

३. टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानून विपरीतका काम गर्न खोजेमा कानून बमोजिम नगरपालिकाले खारेज गर्न सक्ने छ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन हुनेछ .

**९) टोल विकास संस्थाको कार्य समितिको बैठक**: टोल विकास संस्थाको कार्य समितिको बैठक व्यवस्थापन देहाय वमोजिम हुनेछ :

१. टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तीमा १ पटक बस्नेछ ।आवश्यक्ता अनुसार समितिको वैठक एक पटक भन्दा वढी वस्न वाधा पर्नेछैन ।

२. समितिको बैठकमा नगरपालिका र वडाका प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरु लाई आमन्त्रित गर्न सकिनेछ

३. सचिवले संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्नेछ ।

४. बैठकवाट कुनै निर्णय गर्दा सकेसम्म सर्व सम्मत गर्नु पर्नेछ .

**१०) टोल विकास संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार** : टोल विकास संस्थाका कार्य समितिका पदाधिकारीह?को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हूनेछ :

**क) अध्यक्षको काम, कर्तव्य र अधिकार** :

ज्ञ संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

द्द. बै७कको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

३. बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफल विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।
४. छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
५. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।
६. संस्थाले आर्जन प्रप्त गरेको नगद वा जिन्सी सामानको सूरक्षाको प्रबन्ध मिलाउने ।
७. विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।
८. कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**ख) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार** :

१ अध्यक्षको आदेश अनूसार बैठक बोलाउने ।
२. एकतिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।
३. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।
४. संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।
५ तोकिएका अन्य कार्य गर्ने .

**ग) संस्थाको कोषध्यक्षको काम, कर्तव्य र अधिकार :**

१ संस्थाको आम्दानी र खर्चको विवरण राख्ने ।
२. खर्चको लेखापरीक्षण गराउने ।
३. बैंकमा खाता सञ्चालन गर्दा संय'क्त रुपमा खाता सञ्चालन गर्ने .।
४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सूरक्षा गर्ने ।

**घ) संस्थाका सदस्यको काम, कर्तव्य र अधिकार**

१. नगरपालिका वा वडा कार्यालयसंग भएको साझेदारीपत्रमा उल्लेखित सर्तअनूसार गर्नूपर्ने कामहरु गर्ने ।
२. संस्थाको हिसाब किताब जााच गर्ने ।
३. संस्थाका पदाधिकारीहरुले गरेका कामको मुल्याङकन नियमित रुपमा गर्ने ।
४. आवश्यकता अनूसार संस्था सञ्चालनका लागि नीति, नियम र योजनाहरु बनाई लागु गर्ने ।
५. आवश्यकता अनूसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षहरुलाई सहयोग गर्ने ।
६. तोकिएका अन्य कार्यहरु गर्ने ।

**११. आर्थिक व्यवस्थापन**: संस्थाको आर्थिक व्यवस्थापन देहाय बमोजिम हूनेछ ।

**क) टोल विकास संस्थाको आम्दानी**

१. टोल सदस्यहरुबाट प्राप्त सदस्यता शूल्क ।
२. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु तथा व्यक्तिहरुबाट प्राप्त हूने सहायता र अनूदान ।
३. टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।
४. संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रुपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयनुसार छुटयाउने रकम ।
५. संस्थाले अन्य स्रोतबाट जम्मा गरेको रकम ।

**ख) टोल विकास संस्थाको खर्च** :

१ संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

२. संस्थाका खर्चहरु टोल विकास संस्थाको निर्णयानसार खर्च हुनेछ .

**ग) टोल विकास संस्थाको नाफा**

१ टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ।

२. नाफा संस्थाको निर्णय अन'सार टोलको विकासका लागि खर्च गरिनेछ।

**घ) टोल विकास संस्थाको लेखा** १) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको सञ्चालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ।

२) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ।

**ङ) टोल विकास संस्थाको खाता खोल्ने र सञ्चालन** : संस्थाको खाता नगरपालिकाको सिफारिसमा रामपुर स्थित **तोकीएको बैंक**मा खोल्नु पर्नेछ र सो खाताको सञ्चालन संस्थाको अध्यक्ष र कोषाध्यक्षको संयूक्त दस्तखतबाट हूनेछ ।

**च) टोल विकास संस्थाको लेखापरीक्षण:**

१ संस्थाले नियूक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनू पर्नेछ ।

२ आवश्यकता अनूसार नगरपालिकाले पनि संस्थाको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्नेछ ।

३ संस्थाले आफनो वार्षिक लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित वडा कार्यालयमा समेत पेश गर्नु पर्नेछ।

**१२. टोल विकास संस्थाको अनुगमन तथा मूल्याङ्कन** : टोल विकास संस्थाको अनुगमन तथा मूल्याङ्कन वडा समिति र नगरपालिकाले गर्नेछ।

## परिच्छेद ३
## कोष व्यवस्थापन

**१३. कोषको व्यवस्था** : (१)प्रत्येक टोल विकास संस्थाले एउटा कोष स्थापना गर्न सक्नेछन ।टोल विकास संस्थाले कोषको नाममा रहेको बैंक खातामा जम्मा गरेर मात्र खर्च गर्न सक्नेछ। उक्त कोषमा निम्न वमोजिम श्रोतवाट रकम जम्मा हुनेछ :

क) नगरपालिकाले वजेटमा व्यवस्था गरी घुम्तिकोषको रुपमा उपलव्ध गराएको रकम ।

ख) नगरपालिकाले कूनै काम गर्नको लागि संम्झौता गरी उपलव्ध गराएको रकम ।

ग) टोल विकास संस्थाले कुनै काम गर्दा नाफा कमाएको रकम।

घ) दान, दातव्य, अनूदान सहयोगबाट प्राप्त हूने रकम।

ङ) अन्य विविध श्रोत वाट प्राप्त रकम।

**१४. कोषको संचालन :**

कोषको सञ्चालन प्रचलित लेखा प्रणालीबाट गर्नुपर्नेछ। कोष सञ्चालनको लागि स्थानिय बैंकमा खाता खोली अध्यक्ष र कोषाध्यक्षको संयूक्त दस्तखतबा६ सञ्चालन गरिने५ ।

**(१५) घूम्ति कोष :**

(१) वेलका नगरपालिका क्षेत्रमा दर्ता भएका कियासिल टोल विकास संस्थाका सदस्यहरुको आय आर्जन गर्ने खालका कियाकलाप संचालन गर्न र उनीहरको क्षमता अभिवद्धि गर्न प्रत्येक टोल विकास संस्थालाई घूम्ति कोषको रुपमा नगरपालिकाले वजेट विनियोजन गरी निश्चित रकम उपलव्ध गराउन सक्नेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

२) उपदफा (१) वमोजिम उक्त कोषवाट आयआर्जन हूनेखालका क्रियाकलाप संचालन गर्नको लागि टोल विकास संस्थाका केहि सदस्यहरुलाई कामको प्रकृती हेरेर ३ महिना देखि १ वर्षको लागि कोषमा फिर्ता गर्नेगरी समितिको निर्णय गराई रकम उपलव्ध गराईनेछ । पून कोषमा प्राप्त भएपछि वाकी रहेका टोलका सदस्यहरुलाई क्रमश: समितिको निर्णय गराई रकम उपलवध गराइदै जानू पर्नेछ । यसरी सवै सदस्यहरुको आयआर्जन तथा क्षमता अभिवद्धि हूदैजानेछ ।

३) घुम्ति कोषलाई उपदफा (२) वमोजिम निरन्तरता दिईरहनु पर्नेछ ।

४) घुम्ति कोष संचालनको लागि टोल विकास संस्थाले छुटटै कार्यविधि तयार पारी कार्यान्वयन गर्न सक्नेछ । उक्त कार्यविधि नगरपालिकावाट स्विकृत गराउनु पर्नेछ ।

**१६. लेखापरिक्षण** : आर्थिक वर्ष समाप्त भएको दूई महिनाभित्र नगरपालिकाले तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गराई नगरपालिकामा प्रतिवेदन पेश गनुपर्नेछ .।

## परिच्छेद ४
## विविध

**१७. विविध**

१. यो कार्यविधि प्रचलित नेपालको ऐन कानूनहरुसँग बाझिएमा बाझिएका बुँदाहरु स्वतः खारेज हुनेछन् ।

२. यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा अड्चन आएमा सो को नगर कार्यपालिकाको निर्णयानुसार बाधा अडकाउ फुकाउ हुनेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

## अनुसूची १
## टोल विकास संस्थाको विधान

प्रस्तावना : स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै गाउँ/नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउने, सहभागितात्मक योजना तर्जुमागर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो..........................टोल विकास संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ।

**१. प्रारम्भिक : संक्षिप्त नाम र प्रारम्भ**

(क) यो विधान ......................टोल विकास संस्थाको विधान हुनेछ।
(ख) यो संस्थाको नाम .........................हुनेछ।
(ग) यो विधान.................टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।
(घ) यस संस्थाको कार्यालय......................मा हुनेछ।
(ङ) यस संस्थाको सिमाना देहाय बमाजिम हुनेछ :
पूर्व......................पश्चिम.......................
उत्तर....................दक्षिण.......................

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :
१. 'संस्था' भन्नाले.......................टोल विकास संस्थालाई समझनुपर्छ।
२. 'विधान' भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ।
३. 'साधारणसभा' भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ।
४. 'समिति' भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ।
५. 'बैठक' भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ।
६. 'पदाधिकारी' भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउँछ।

**३. संगठित संस्था हुने** :
(क) संस्थाको आफ्नै छुट्टै छाप हूनेछ। साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।
(ख) संस्थाले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न सक्नेछ। तर संस्थाले आफ्नोअचल सम्पत्ति बिक्रि गर्न भने पाउने छैन। संस्था बिगठन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति उपमहानगरपालिकामा हस्तान्तरण हुनेछ।

**४. संस्थाका उद्देश्यहरु :** संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिम उद्देश्य हुनेछ :
(क) टोलस्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने।
(ख) टोलका व्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुऱ्याउने।
(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समूदायको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने।
(घ) संस्थालाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागि बनाउने।

**५. टोल विकास कार्य समितिको गठन** टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :
(क) उपमहानगरपालिकाका बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ।
(ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ। दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूर्नगठन हुनेछ। टोल विकास कार्य



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

समितिको अवधि २ वर्षको हूनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पून : सोहि पदमा लगतै दूई वर्षको अवधि व्यतित नभई नियूक्त हूने छैन ।कार्य समितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु र अध्यक्ष वा कोषाध्यक्षहरु मध्ये कूनै एक जना अनिर्वाय रुपमा महिला हुनुपर्नेछ ।

(ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलको सम्पूर्ण घरधुरीलाई समेट्नुपर्दछ । यदि सो सम्भब नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरुमध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

**६. संस्थाका कार्यहरु** : टोल विकास संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछन्:

१. प्रत्येक टोल स्तरमा सम्भव भएसम्म सबै घरपरिवार सहभागी भएको टोल विकास संस्था गठन गर्ने ।

२. संस्थाका सदस्यहरुलाई उद्यमशीलतामार्फत अग्रसर गराउने आवश्यक पहल गर्ने तथा सोहि बमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।

३. टोलमा आईपरेका समस्याहरु समाधान गर्न एकअर्कामा भाईचारा सम्बन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने ।

४. उपलब्ध स्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।

५. एच.आइ.भी./एड्स, अशिक्षा, अन्धविश्वास, बाल विवाह, बहू विवाह, जस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल विकास संस्थाका सदस्यहरुलाई चेतना अभिवृद्धि गर्ने ।

६. आफ्नो टोल तथा सार्वजनिक स्थलमा बृक्षारोपण गर्ने ।

७. आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा वालमैत्री बनाउने विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

८. टोलको वसोवास गर्ने बासिन्दाका बीचमा भवन निमार्ण मापदण्ड, सामाजिक सूरक्षा भत्ता लगायतका सामाजिक सरोकारका बिषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

९. वातावरणमैत्री स्थानीय शासनका सुचकहरुको टोलमा कार्यान्वयन गर्ने र उपमहानगरपालिकालाइ सो सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।

१०. आफ्नो टोल वस्तीलाई नमुना वस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ।

११. हरित गाउँ/शहर, उज्यालो शहर, सफा शहर र सम्पन्न तथा सभ्य शहर स्थापना अभियानमा सहयोग गर्ने ।

१२. आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।

१३. पुर्ण साक्षर, पुर्ण खोप, पुर्ण घटना दर्ता आदि अभियानमा सहयोग गर्ने ।

१४. टोलमा रहेका सार्वजानिक, पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने ।

१५. संस्थाको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा बहुमतमा गर्ने ।

१६. नगरपालिकाको राजस्व परिचालनमा सहयोग गर्ने ।

१७. नगरपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु ।

**७. सदस्यता संस्थामा सदस्यता देहाय बमोजिम हुनेछ** :

(क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

(ख) सदस्यता बन्न इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**८. सदस्यता नरहने देहायको अवस्थामा सदस्य रहने छैन** :

(क) सदस्यको मृत्यु भएमा ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा । तर संस्थाको निर्णयउपर चित नबुझेमा साधारणसभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ।
(ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।
(घ) संस्थालाई हानि-नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा ।
(ङ) नेपालको प्रचलित कानुनको निषेध गरेको कार्य गरेमा ।

**९. संस्था गठन एवं कार्य संचालन विधि** संस्थाको गठन एवं कार्य संचालन विधि देहाय बमोजिम हुनेछ :

(क) निश्चित भौगोलिक क्षेत्रमा व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निक्यौंल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने अधिकांश घरधनीहरुको उपस्थितिमा संस्था गठन गरिनेछ ।

(ख) टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक-एक जना अध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधूरीहरु सदस्य हूनेछन् ।

(ग) संस्थामा कम्तिमा ५० प्रतिशत महिला सदस्य रहनेछन् । अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला हूनेछ ।

**१०. संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार** संस्थाका पदधिकारीहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिम हूनेछन् ।

**(क) अध्यक्ष काम, कर्तव्य र अधिकार :**

१. संस्थाको नियमित **बैठक** बोलाउने ।

२. बैठकको अध्यक्षता गरी **बैठक** संचालन गर्ने ।

३. बैठकमा अनूशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४. छलफल हूादा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५. निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।

६. सचिव र कोषाध्यक्षलाई आवश्यकताअनूसार सहयोग पूऱ्याउने ।

७. संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सूरक्षाको प्रबन्ध मिलाउने ।

८. आवश्यक कार्यमा संस्थाको प्रतिनिधिहरु गर्ने वा गराउने ।

९. विशेष बै७कको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा **बैठक** बोलाउने ।

**(ख) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार** :

१. अध्यक्षको आदेशअनूसार **बैठक** बोलाउने ।

२. अध्यक्षको अनूपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

३. एकतिहाइ सदस्यहरुलाई विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने ।

४. बैठक पूस्तिकामा उपस्थित गराउने ।

५. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने ।

६. संस्थाको क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

७. तोकिएका अन्य कार्यहरु गर्ने ।

(ग) **संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार** :

१. संस्थाले गरेको आर्थिक कारोबारको लेखापरीक्षण गराउने ।

२. बैंकमा संयूक्त रुपमा खाता संचालन गर्ने ।

३. अन्य सदस्यहरुसाग समन्वय राखी सहयोग लिने दिने ।

४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सूरक्षा गर्ने ।

(३) **संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकार** :

१. नगरपालिकासाग भएको साझेदारीपत्रमा उल्लेखित सर्तअनूसार गर्नूपर्ने कामहरु गर्ने ।

२. संस्थाको हिसाव किताब चेक गर्ने ।

३. संस्थाका पदाधिकारीहरुले गरेका कामको मुल्याङ्कन नियमित रुपमा गर्ने ।

४. संस्था संचालनका लगि आवश्यकताअनूसार नीति बनाउन सहयोग गर्ने ।

५. बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

**११. साधारण सभाको गठन र कार्य प्रणाली** साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हूनेछ ।

१. संस्थाको सम्पर्ण सदस्यहरु रहेको एक साधारण-सभा हूनेछ ।

२. साधारण-सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनूपस्थितिमा संस्थाको सचिव र निजको पनि अनूपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।

घ. साधारण-सभा संस्थाको सर्वोच्च निकाय हूनेछ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकार**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हूनेछ ।

(१) संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश भएका विषयमा सल्लाह दिने ।

(२) लेखापरिक्षक नियूक्ति गर्ने ।

(३) संस्थाको लेखापरीक्षकको प्रतिबेदन पारित गर्ने ।

(४) कार्य समितिलाई अधिकार प्रत्यायोजना गर्ने ।

(५) कार्य समिति सम्बन्धमा भएका उजूरी पूनराबेदन सून्ने र निर्णय दिने ।

(६) संस्थाको विधान संशोधन गर्ने ।

(७) आवश्यकताअनूसार सल्लाहाकारको मनोनयन गर्ने ।

(८) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१३. आर्थिक व्यवस्था**

(क) संस्थाको देहायबमोजिम आर्थिक स्रोत हूनेछ ।

१ सदस्यताबाट प्राप्त शूल्क ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

२ सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हूने अनूदान ।

३ संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हूने आय वा पूरस्कार ।

४ अन्य आम्दानी ।

(ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात् विवरण साधारण सभामा प्रस्तूत गर्ने जिम्मेवारी संस्थाको हूनेछ ।

(ग) संस्थाको नाममा प्राप्त वा खरीद चल-अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिएबमोजिम हूनेछ ।

१४. कार्यसमिति तथा पदाधिकारीको राजिनामा

(क) समितिका सदस्यहरुले सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्षसमक्ष दिन सक्नेछन्।

(ख) अध्यक्षले आफ्नो राजीनामा सचिवमार्फत संस्थाको बैठकमा पेश गर्नूपर्नेछ र सोउपर संस्थाले निर्णय गरे बमोजिम हुनेछ ।

**१५. कार्य समितिलाई आविश्वासको प्रस्ताव कार्य** समितिका अध्यक्ष एवं पदाधिकारीहरुउपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ६० % सदस्यहरुले विशेष साधारणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

**१६. विविध**

(क) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरिनेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाइ बहुमतले विधान संशोधन हुनेछ ।

(ख) प्रचलित ऐन, नियमहरुसँग बाझिएका बुँदाहरु हदसम्म स्वत : खारेज हुनेछ ।



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

**<u>अनुसूची- २</u>**

**(कार्यविधिको बुँदा नं.८(१) बमोजिम)**

**संस्था सूचीकृत हुन निवेदनको नमूना**

मिति :......................

श्री वेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय

वेलका, रामपुर उदयपुर

**विषय : टोल विकास संस्था दर्ता. सूचीकृत गर्ने सम्बन्धमा**

उपर्युक्त सम्बन्धमा यस उर्लाबारी नगरपालिकाको वडा नं......... मा देहाय बमोजिमको चारकिल्ला भित्रको क्षेत्रमा बसोबास गर्ने हामी टोलबासीह? मिति ..............................को भेलाले गठन गरेको ............................................ टोल विकास संस्थालाई यस नगर कार्यपालिकाको कार्यालयमा दर्ता/सूचीकृत गरिदिनु हुनको निमित्त यस टोल विकास संस्थामा आवद्ध टोल सदस्यहरु र कार्यसमितिका पदाधिकारीको नामावलीसहित भेलाको निर्णयको प्रतिलिपी यसैसाथ संलग्न राखी सहित यो निवेदन पेश गरेकोछु .।

टोल विकासको चारकिल्ला(सिमाना)

पूर्व सिमाना :.................................

पश्चिम सिमाना : ..............................

उत्तर सिमाना :...............................

दक्षिण सिमाना :................................

सिफारिस गर्ने दस्तखत .......................

वडा कार्यालयको छाप .........

वडाध्यक्षको नामथर ............................

वडा कार्यालय, वेलका नगरपालिका ...........

निवेदक दस्तखत ......................

अध्यक्ष नामथरः .......................

टोल विकास संस्थाको नामः .............



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm

**अनुसूची- ३**
**(कार्यविधिको बुँदा नं.८(२) बमोजिम)**
**संस्था दर्ता.सूचीकृत भएको नमुना**

मिति :.......................

श्री ......................................टोल विकास संस्था रामपुर, उदयपुर

**विषय : टोल विकास संस्था दर्ता.सूचीकृत गरिएको सम्बन्धमा** .

उपय'ुक्त सम्बन्धमा वेलका नगरपालिका, नगर कार्यपालिकाको मिति ........................................को निर्णयानुसार .............................................. टोल विकास संस्थालाई वेलका नगरपालिकामा दर्ता/सूचीकृत गरिएको व्यहोरा जानकारी गराईन्छ . उर्लाबारी नगरपालिको टोल विकास संस्था सञ्चालन कार्यविधि २०७६ को अधिनमा रही टोलको सञ्चालन र व्यवस्थान गर्न समेत अनुरोध छ ।

बोधार्थ श्री ... नम्बर वडा कार्यालय रामपुर, उदयपुर

.........................



This document is created by GIRDAC PDF Converter Ultimate trial version
GIRDAC PDF Converter Ultimate full version doesn't add this green footer
Full version can be ordered from http://www.girdac.com/Products/Buy.htm